


# डेंगी सार्ने लामखुट्टेको बासस्थान खोज तथा नष्ट गरौं अभियान



**हरेक शुक्रबार: खोजौं, सफा गरौं, डेंगी रोकौं**

वर्षायाममा डेंगी सार्ने लामखुट्टेको वृद्धि हुने भएकाले हरेक शुक्रवार "लामखुट्टेको बासस्थान खोज तथा नष्ट गरौं" अभियान सञ्चालन गरौं।


**हप्तामा कम्तीमा एक पटक पानी जम्ने स्थान खोज्ने, सफा गर्ने र पानी फाल्ने।**

## 1 पानीका ट्यांकी तथा भाँडाकुंडा



- पानीका ट्यांकी, ड्रम, गाग्री, बाल्टिन राम्रोसँग छोप्ने।
- लर्भा वा प्युपा देखिएमा पानी फाल्ने।
- भाँडाकुंडा सफा गरी घोप्ट्याएर राख्ने।

## 2 फूलका गमला



- गमलाको प्लेटमा जमेको पानी हप्तामा एक पटक फाल्ने।
- गमला सफा गर्ने।
- वर्षाको पानी नपर्ने ठाउँमा राख्ने।

## 3 रेफ्रिजिरेटर तथा कुलर



- ट्रेमा जमेको पानी प्रत्येक साता फाल्ने।
- राम्रोसँग सफा गर्ने।

## 4 फूलदानी तथा सजावटी बिरुवा



- पानी हप्तामा एक पटक फेर्ने।
- फूलदानी सफा गरेर मात्र नयाँ पानी राख्ने।

## 5 पुराना टायर



- पानी जम्न नदिने।
- छोपेर राख्ने वा पानी निकास गर्ने।
- आवश्यक परे माटो वा बालुवा भर्ने।

छोपेर राख्ने | पानी निकास गर्ने | माटो/बालुवा भर्ने

## 6 फोहोर सामाग्री हटाउने



- बोतल
- प्लास्टिक
- टिन
- कन्टेनर
- नरिवलको खोल
- पुराना टायर

सबै हटाउने, पुन: प्रयोग वा उचित व्यवस्थापन गर्ने।

## 7 गटर तथा छाना



- गटर सफा गर्ने।
- थुनिएको पानी हटाउने।
- पानी सहज रुपमा बग्ने व्यवस्था गर्ने।

## 8 फाउन्टेन



- प्रत्येक साता पानी फाल्ने।
- फाउन्टेन सफा गर्ने।

## 9 रुख, बाँस र खाडल



- रुख वा बाँसको टोडकोमा जमेको पानी हटाउने।
- ढुंगाको प्वालको पानी निकास गर्ने।
- खाडल माटो वा बालुवाले पुर्ने।

## डेंगीबाट बच्ने ३ मुख्य उपाय

- पानी जम्न नदिनुहोस्।
- हप्तामा एक दिन "खोज र नष्ट" अभियान सञ्चालन गर्नुहोस्।
- लामखुट्टेको टोकाईबाट बचौँ



**पानी जम्न नदिऔ, डेंगी फैलिन नदिऔं।**

**हरेक शुक्रबार : खोजौं • सफा गरौं • नष्ट गरौं**

स्वास्थ्य कार्यालय भोजपुर